AjakoAwaj.Com आजकोआवाज.कम
USNepalOnline.Com
USANepalOnline.Com

# रोग निको गर्न अस्पातल होइन तातोपानी कुंड जाने घुँइचो



म्याग्दी, January 20, 2008 - डाक्टरको उपचार भन्दा भर पर्दो इलाज म्याग्दी जिल्लाको सिङा गाबिसको तातोपानी कुंडले उपलब्ध गराउदै आएको खबर सुन्दा तपाईलाई अचम्म लाग्न सक्दछ।
तर बर्सेनी हजारौं नेपाली र बिदेशी पर्यटकहरु डाक्टरले निको गराउन नसकेको आफ्नो रोग सन्चो पार्न त्यहाँ जाने गरेका छन्।

बेनीदेखि ९ कि.मी.को दुरीमा पश्चिम हुँदै म्याग्दी खोलाको किनारमा अवस्थित सिंगा गाविस वडा नं. ४ तातोपानी पुग्न कच्ची मोटर बाटो भएर जानुपर्दछ। यस स्थानमा उपचार गर्नको लागि म्याग्दीको विभिन्न स्थानबाट मात्र होइन अधिराज्यका विभिन्न ठाउँबाट समेत त्यहाँ जाने गर्दछन्। यस कुण्डमा प्रचुर मात्रामा विरेनून र गन्धक भएको हुँदा र गन्धक आफैमा प्राकृतिक एन्टिबायोटिक भएको हुनाले एक व्यक्तिमा भएको रोग अर्को व्यक्तिमा सर्दैन। यस तातोपानी कुण्डको तापक्रम ४५ डिग्री सेन्टिग्रेट देखि ४८ डिग्री सेन्टिग्रेट र मूलमा ५४ डिग्री सेन्टिग्रेट सम्म छ। यहाँ नियमित नुहाउनाले ग्याष्ट्रिक, बाथरोग (युरिक एसिड), ढाड दुख्ने, छाला सम्बन्धी रोग, सुन्निएको, बज्रिएको, मर्किएको, पेट सुनिने, गलगाँड रोग पनि निको भएको पाइन्छ। रोगीको अवस्था र प्रकृति हेरेर हप्ता दिन देखि २ हप्तासम्म पनि नुहाउने गर्दछन् भने अहिले निर्मित कुण्डमा ३ सय जना व्यक्ति एकै पटक बस्न मिल्ने बनाईएको छ।



तातोपानी पस्न आउनेहरु पहिले व्यवस्थापनको अभावमा ओडार र टहराहरुमा बसेर पस्ने गर्दथे। पहिला माघ, फागुन र चैत्रमा मात्र मान्छेको भीडभाड हुने गर्दथ्यो। मोटर बाटोको अभावले यात्रीहरुलाई बढी असुविधा हुने गर्दथ्यो। तर २०५४ सालमा प्रवुद्ध कुमार शाक्यको अध्यक्षतामा गठन भएको समितिले नुहाउने, खानेपानी धारा मर्मत, नदी नियन्त्रण, बाटोघाटो, चर्पी, कुण्ड ट्रष्ट, कुण्ड वरिपरि कम्पाउण्ड, कार्यालय भवन आदि निर्माण तथा विकास गरेको हुँदा अहिले यो कुण्ड केही व्यवस्थित तरिकाले चल्दै आएको छ। साथै सुपथ मूल्यमा होटलको व्यवस्था समेत छ। यस प्रकारको निर्माणले गर्दा अहिले जुनै पनि महिना यहाँ आएर तातोपानी पस्न मिल्न भएको छ।



-Mejan Pun Magar in Beni, Myagdi